# नेपाल राष्ट्र बैंक

## केन्द्रीय कार्यालय

## सम्पत्ति तथा सेवा व्यवस्थापन विभाग, बालुवाटार, काठमाडौं

### मौजुदासूचीमा दर्ता गराउने बारेको सूचना

### (प्रथम पटक प्रकाशित मिति २०८३/०२/२८)

आगामी आर्थिक बर्ष २०८३/८४ मा यस बैंकको लागि आवश्यक पर्ने देहायका समुहका विभिन्न वस्तु तथा सेवाहरु आपूर्ति गर्न इच्छुक सम्बन्धित विषयको व्यापार, व्यवसाय वा कारोवार गर्न ईजाजत प्राप्त रजिष्टर्ड फर्म तथा कम्पनीहरुले आवेदन फाराममा उल्लेखित योग्यता सहितका कागजातहरु समावेश गरी यो सूचना प्रकाशित भएको मितिले १५औं दिन (सो दिन सार्वजनिक विदा पर्न गएमा पहिलो कार्यालय खुलेको दिन) भित्र यस बैंकको केन्द्रीय कार्यालय, सम्पत्ति तथा सेवा व्यवस्थापन विभागमा पेश गरी यस बैंकको मौजुदा सुची (स्ट्याण्डिङ्ग लिस्ट) मा सूचीकृत हुन नेपाल राष्ट्र बैंक खरिद विनियमावली, २०७१ (संशोधन सहित) को विनियम १८ बमोजिम यो सूचना प्रकाशित गरिएको छ ।

आवेदन फाराम तथा मौजुदा सूचीसंग अन्य आवश्यक विवरणहरु बैंकको Website: www.nrb.org.np बाट डाउनलोड गर्न वा यस बैंकको सम्पत्ति तथा सेवा व्यवस्थापन विभाग खरिद इकाईबाट प्राप्त गर्न सकिनेछ । आवेदन पेश गर्दा आवेदन फाराममा उल्लेखित विवरणहरु भरी सहीछाप गरी आवश्यक कागजातहरु समेत समावेश गरी पेश गर्नुपर्नेछ वा ईमेल ठेगाना kharid@nrb.org.np मा पठाउन सकिनेछ । आवेदन फाराममा उल्लेखित विवरण तथा योग्यताका कागजातहरु पेश नभएमा वा तोकिएको योग्यता नपुगेका आवेदनकर्तालाई मौजुदा सूचीमा समावेश गरिनेछैन । अन्य आवश्यक कुराहरु बुझ्नु परेमा यस बैंकको सम्पत्ति तथा सेवा व्यवस्थापन विभागको खरिद इकाई (०१-५७१९६४१/४२/४३ एक्सटेन्सन ११६४, ११७१ र १२०१ ) मा सम्पर्क राख्न सकिनेछ ।

**तपसिल**

| क. खरिद तथा आपूर्तितर्फ | | | |
|---|---|---|---|
| १. | स्टेशनरी तथा फुटकर सामान | ९. | मेशिनरी सामानहरु |
| २. | छपाई सम्बन्धी काम | १०. | भवन निर्माण तथा रङ्गरोगन |
| ३. | अन्य मसलन्द तथा फुटकर सामानहरु | ११. | विद्युतीय सामाग्री तथा उपकरणहरु |
| ४. | पत्रपत्रिका तथा पुस्तकहरु | १२. | औषधि तथा मेडिकल उपकरण |
| ५. | फर्निचर सम्वन्धी | १३. | कम्प्युटर तथा एसोसेरिज |
| ६. | फर्निसिङ्ग (पर्दा, कार्पेट आदि) | १४. | फायर इस्टिङ्गगुइसर (रिफिलिङ्ग समेत) |
| ७. | हार्डवेयर तथा फिटिङ्ग | १५. | खानेपानी (जार वोतल) |
| ८. | सवारी साधनको पार्टपुर्जा तथा लुब्रिकेन्ट्स | १६. | नर्सरी (फूल तथा बोट बिरुवा) |

| ख. टिकेटिङ्ग तथा ट्राभल एजेन्सी सेवा | |
|---|---|
| १. हवाई टिकट (आन्तरिक तथा वाह्य) | २. ट्राभल एजेन्सी सम्बन्धी सेवा |

| ग. औषधि तथा मेडिकल उपकरण | |
|---|---|
| १. औषधी तथा औषधी जन्य सामाग्रीहरु | २. मेडिकल उपकरण तथा सम्बन्धित |

| घ. परामर्श सेवा | | | |
|---|---|---|---|
| १. | सूचना प्रविधि तथा कम्प्यूटर इन्जिनियरिङ्ग सेवा | ५. | इन्टेरियर डिजाइन सेवा |
| २. | सफ्टवेयर निर्माण तथा Customization सेवा | ६. | भाषा अनुवाद, Proof Reading तथा सम्पादन सेवा |
| ३. | इन्जिनियरिङ्ग सेवा | ७. | सिष्टम अडिट सेवा |
| ४. | नेट वर्किङ्ग सेवा | ८. | सार्वजनिक खरिद सम्बन्धी सेवा |

| ङ. मर्मत तथा सम्भार सेवा | | | |
|---|---|---|---|
| १. | इलेक्ट्रोनिक्स उपकरण (कम्प्युटर, प्रिन्टर, फोटोकपी मेशिन, यु.पि.एस., फ्याक्स आदि) मर्मत सेवा | ६. | सि.सि.टि.भि. मर्मत सम्भार सेवा |
| २. | फर्निचर मर्मत सेवा | ७. | कम्प्युटर नेटवर्किङ्ग सेवा |
| ३. | सवारी साधन मर्मत सेवा | ८. | इलेक्ट्रिकल उपकरण (पानी तान्ने पम्प, हिटर, पंखा, भ्याकुम क्लिनर, फ्रिज आदि) |
| ४. | भवन मर्मत तथा सम्भार, रंगरोगन सेवा | ९. | सांचो ताल्चा मर्मत सेवा |
| ५. | विद्युतीय उपकरण (एयरकण्डिसनर, जेनेरेटर आदि) मर्मत सेवा | १०. | अन्य सेवा |

| च. अन्य सेवा | | | |
|---|---|---|---|
| १. | कुरियर सेवा | ७. | क्याटरिङ्ग/टेन्ट तथा इभेन्ट मेनेजमेन्ट सेवा |
| २. | ढुवानी सेवा | ८. | ग्रील वर्क्स |
| ३. | छपाई सेवा | ९. | इन्टरनेट/केवल सेवा |
| ४. | विज्ञापन एजेन्सी सेवा | १०. | प्लम्बिङ्ग सेवा |
| ५. | कपडा धुलाई (लण्ड्री) सेवा | ११. | फोटोग्राफी, भिडियोग्राफी, श्रव्य-दृश्य सामाग्री निर्माण सेवा |
| ६. | होटल सेवा | १२. | खानेपानी (ट्यांकरबाट पानी आपूर्ति) |
| १३. | बगैंचा व्यवस्थापन सम्बन्धि सेवा | | |

**सम्पत्ति तथा सेवा व्यवस्थापन विभाग**
**फोन नं.: ०१-५७१९६४१**
**एक्स्टेन्सन नं.: ११६४, ११७१ र १२०१**

**मितिः २०८३/०२/२८**

**अनुसूची-५क**
**(विनियम १८ को उप विनियम ४ सँग सम्बन्धित)**
**नेपाल राष्ट्र बैंक**
**सम्पत्ति तथा सेवा व्यवस्थापन विभाग**

मिति : २०८३/ /

श्रीमान् विभागीय प्रमुखज्यू,
सम्पत्ति तथा सेवा व्यवस्थापन विभाग
बालुवाटार, काठमाण्डौं ।

**विषय : मौजुदा सूचीमा दर्ता गरी पाउँ ।**

नेपाल राष्ट्र बैंक खरिद विनियमावली, २०७१ (संशोधन समेत) को विनियम १८ को उपविनियम (४) बमोजिम तपशिलमा उल्लिखित विवरण अनुसार पुष्ट्याई गर्ने कागजात संलग्न गरी मौजुदा सूचीमा दर्ता हुन यो निवेदन पेश गरेको छु ।

<table>
<tr><td colspan="2">तपशिल : १. मौजुदा सूचीको लागि निवेदन दिने व्यक्ति, संस्था, आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवा प्रदायकको विवरण :</td></tr>
<tr><td>(क) नाम :</td><td>(ख) ठेगाना :</td></tr>
<tr><td>(ग) पत्राचार गर्ने ठेगानाः</td><td>(घ) मुख्य व्यक्तिको नामः</td></tr>
<tr><td>(ङ) टेलिफोन नं.:</td><td>(च) मोवाईल नं.:</td></tr>
<tr><td colspan="2">२. मौजुदा सूचीमा दर्ता हुनको लागि निम्न बमोजिमको प्रमाणपत्र संलग्न गर्नुपर्ने ।<br>(क) संस्था वा फर्म दर्ताको प्रमाणपत्र ।<br>(ख) नविकरण गरिएको ।<br>(ग) मूल्य अभिवृद्धि कर वा स्थायी लेखा नम्बर दर्ताको प्रमाणपत्र ।<br>(घ) कर चुक्ताको प्रमाणपत्र ।<br>(ङ) कुन खरिदको लागि मौजुदा सूचीमा दर्ता हुन निवेदन दिने हो, सो कामको लागि इजाजत पत्र आवश्यक पर्ने भएमा सो को प्रतिलिपि ।</td></tr>
<tr><td colspan="2">३. विभाग/कार्यालयबाट हुने खरिदको लागि दर्ता हुन चाहेको खरिदको प्रकृतिको विवरण :</td></tr>
<tr><td>(क) मालसामान आपूर्ति : (मालसामानको प्रकृति समेत उल्लेख गर्ने)</td><td>(ख) निर्माण कार्य :</td></tr>
<tr><td>(ग) परामर्श सेवा : (परामर्श सेवाको प्रकृति समेत उल्लेख गर्ने)</td><td>(घ) अन्य सेवा : (अन्य सेवाको प्रकृति उल्लेख गर्ने)</td></tr>
</table>

| | | |
|---|---|---|
| निवेदन दिएको मिति :<br>आ. व. : | फर्मको छाप : | निवेदकको नाम :<br><br>हस्ताक्षर : |

## मौजुदा सूचीमा दर्ता हुन आवश्यक योग्यताहरु

सार्वजनिक खरिद ऐन, २०६३ को दफा १० को उपदफा (२) तथा नेपाल राष्ट्र बैंक खरिद विनियमावली, २०७१ (संशोधन सहित) को विनियम १८ को उपविनियम (४) अनुरुप आपूर्तिकर्ता/सेवा प्रदायकहरुलाई देहाय बमोजिम योग्यता तोकिएकोले आवश्यक कागजातहरुको प्रतिलिपी सहित निवेदन पेश गर्नु पर्नेछ ।

क. फर्म/कम्पनी दर्ता प्रमाणपत्रको आवधिक रुपमा नविकरण भएको कागजात ।

ख. स्थायी लेखा नम्बर (PAN) वा मूल्य अभिवृद्धि कर (VAT) मा दर्ता भएको कागजातको प्रतिलिपि (मू.अ. करमा दर्ता हुन पर्नेको हकमा मात्र) ।

ग. आ.व.०८१/८२ को कर चुक्ता गरेको कागजातको प्रतिलिपि (आ.व.२०८२/८३ मा स्थापित/दर्ता भएका संस्था/फर्म/कम्पनीको हकमा लागु नहुने ।

घ. दिइएको कारोवार गर्न प्रचलित कानुनमा कुनै निकायको अनुमति/इजाजत लिनुपर्ने उल्लेख भएको हकमा सो अनुमति तथा आवश्यकता बमोजिम नविकरण गरेको प्रमाणपत्रको प्रतिलिपि ।

ङ. फर्म/कम्पनी कुनै सामाग्रीको आधिकारिक वितरक भएमा सो जनाउने आधिकारिक कागजात ।

च. सम्बन्धित क्षेत्रमा काम गरेको अनुभवको प्रमाणपत्र ।

छ. पेशागत कसुर गरे वापत सजाय नपाएको स्वघोषणा पत्र ।

ज. नेपाली नागरिकताको प्रतिलिपी ।

झ. सार्वजनिक खरिद कार्यका लागि अयोग्य नभएको स्वघोषणा पत्र ।

ञ. कार्यालयलाई आवश्यक पर्दा सहजै सम्पर्क गर्न मिल्ने गरी फर्म/संस्था/कम्पनीको स्पष्ट ठेगाना, फोन नं., मोबाइल नम्बर, फ्याक्स नम्बर, ईमेल, वेबसाईट आदि खुलाई पेश गरेको हुनुपर्ने ।

ट. मालसामान आपूर्तिको हकमा बैंकलाई आवश्यक परेको बखत सम्पर्क गर्न मिल्ने गरी कारोवारको प्रकृति अनुरुपको पसल/कार्यस्थलको फर्मको नाम समेत देखिने गरी खिचिएको फोटो तथा उक्त स्थानसम्म पुग्न सकिने नक्सा ।

ठ. परामर्श सेवाको हकमा तोकिए बमोजिमको जनशक्ति परिचालन गर्न सक्ने प्रतिबद्धता सहितको कागजातहरु ।

मिति : २०८३/  /

**श्रीमान विभागीय प्रमुखज्यू,**
**सम्पत्ति तथा सेवा व्यवस्थापन विभाग**
**बालुवाटार, काठमाण्डौं।**

**विषय : स्वघोषणा पत्र।**

**महोदय,**

**त्यस बकको मिति २०८३/०२/२८ को सूचना अनुसार आगामी आर्थिक बर्ष २०८३/८४ का लागि आवश्यक पर्ने सामान र सेवा आपूर्ति गर्न सार्वजनिक खरिद ऐन, २०६३ को दफा १० को उपदफा (२) तथा नेपाल राष्ट्र बैंक खरिद विनियमावली, २०७१ (पाचौं संशोधन सहित) को विनियम १८ बमोजिम सेवा प्रदान गर्न आपूर्तिकर्ताको सूची (स्टयान्डिङ्ग लिष्ट) मा सूचीकृत हुन देहाय बमोजिम स्वघोषणा सहित प्रतिबद्धता समेत जाहेर गर्दछु।**

१. त्यस बैंकका लागि तत्काल आपूर्ति गर्न सक्ने सामान/उपकरणको आवश्यक परेमा तत्काल उपलब्ध गराउने प्रतिबद्धता गर्दछु ।
२. बिक्री पछिको सेवाको व्यवस्था र बिल भर्पाई समयमा बुझाउने छु ।
३. म/म संलग्न फर्म वा कम्पनी पेशागत कार्यका सिलसिलामा कसुरजन्य कामकाज गरी/गरे वापत सजाय नपाएको घोषणा गर्दछु ।
४. म/म संलग्न फर्म वा कम्पनी सार्वजनिक खरिद कार्यका लागि अयोग्य नभएको घोषणा गर्दछु ।
५. म/म संलग्न फर्म वा कम्पनीबाट गरेका कार्यहरु गलत वा झुटा ठहरिए कानुन बमोजिम सहुँला/बुझाँउला ।

**निवेदक**

प्रोपोराइटरको नाम :

हस्ताक्षर :

**कम्पनीको छाप**